**निर्णय नं. १**

आर्थिक वर्ष २०८०/०८१ को योजना/कार्यक्रम सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको चालू आ.व. ०८०/८१ को वार्षिक नगर विकास योजना (रातो किताब) मार्फत् स्वीकृत भएको सम्पूर्ण योजना/कार्यक्रमहरू समयमा नै सम्पन्न गर्नका लागि आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

वन्यजन्तु नियन्त्रण तथा रोकथाम सम्बन्धमा छलफल गर्दा चौतारा साँगाचोकगढी नगरपालिका भित्र वन्यजन्तु नियन्त्रण तथा रोकथाम कार्य गर्ने प्रयोजनार्थ सम्बन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

चौतारा साँगाचोकगढी नगरपालिका भित्र कृषकहरूले पालन गरेको पशुपन्छीहरूलाई विभिन्न रोगबाट बचाउन र परजीवीबाट उत्पादनमा हुन ह्रास कम गर्ने तथा विमा गर्ने (नवीकरण/नयाँ दर्ता) उद्देश्यले नगर भित्र पालन गरिएका पशुपन्छीहरूलाई खोप तथा परजीवी विरूद्धको औषधी वितरण कार्यक्रम संचालन गर्नका लागि **"पशुपन्छी खोप तथा परजीवी विरूद्धको औषधी वितरण कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०"** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको १४ औं नगर सभाबाट पारित आ.व. २०८०/०८१ को वार्षिक नगर विकास योजनाको विभिन्न शिर्षकहरूमा योजनाहरू/कार्यक्रमहरू छनौट र बजेट ब्रेकडाउन गर्न बाँकी रहेका विभिन्न शिर्षकहरूको योजनाहरू तथा कार्यक्रमहरूको छनौट तथा बजेट ब्रेकडाउन गर्ने अधिकार नगर कार्यपालिका र आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर प्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

सुकुम्बासीहरूको नाम सिफारिस गरी पठाउने सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १२ कार्यालयको च.नं. १६२, मिति २०८०/०५/१७ गतेको पत्रानुसार उक्त वडामा रहेका तपशिलका सुकुम्वासीहरू सिफारिस गर्नका लागि लेखि आएकोमा सोही अनुसार सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । साथै अन्य वडाबाट प्राप्त हुने भूमिहिन सुकुम्वासीहरूको विवरण प्राप्त भए पश्चात् सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर |
|---|---|
| १ | वल बहादुर राई/मिना राई |
| २ | मन्जु खत्री |
| ३ | मान बहादुर गुरूङ |
| ४ | जीवन राना |
| ५ | प्रकाश राना |

**निर्णय नं. ६**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको विभिन्न स्थानमा खानेपानी मुहान संचालन गर्नका लागि विभिन्न समितिहरूले यस नगरपालिकामा नियमानुसार आवश्यक कागजात सहित निवेदन पेश गरेको सन्दर्भमा उक्त समितिहरूले पेश गरेको सम्पूर्ण कागजातहरूको आवश्यक परीक्षण गरी प्रचलित कानून बमोजिम दर्ता/नवीकरण गर्ने र विगतमा जिल्ला जलस्रोत समितिमा दर्ता भई नवीकरण गर्ने प्रयोजनार्थ आएका सम्पूर्ण फाईलहरू आवश्यक रूजु गरी नियमानुसार नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस चौतारा साँगाचोकगढी नगरपालिकामा क्लष्टर वन व्यवस्थापन समिति आवश्यकताका आधारमा प्रचलित कानून बमोजिम वडामा थप गर्ने निर्णय गरियो ।